# नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६

नेपाल इन्टरमोडल यातायात विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड,२०७३ (संशोधन सहित)" को दफा ७ को उपदफा (२) बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि तत्काल देखि लागु हुने गरी जारी गरेको छ ।

(१) दरखास्त आह्वान

(क) नेपाल यातायात विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा पदपूर्तिका लागि बढिमा ३५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरिनेछ ।

(ख) उपदफा (१) बमोजिमको म्यादभित्र पाँच जना भन्दा कम उम्मेदवारको मात्र दरखास्त पेश भएमा पेश हुन आएका दरखास्तलाई यथावत राखी पुनः ७ दिनको थप म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गरिनेछ ।

(ग) पुनः प्रकाशित सूचनाको म्याद भित्र पनि कुनै दरखास्त नपरेमा पहिले पेश भएका दरखास्तका आधारमा छनौट प्रक्रिया अगाडी बढाउन सकिनेछ ।

(२) दरखास्त साथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा बिवरणहरु

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (ईमेल, टेलिफोन, मोबाईल नम्बर) वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

(ख) नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको प्रतिलिपिहरु स्वयंमले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(ग) पाँच हजार शव्दमा नबढ्ने गरी शिलवन्दी गरिएको व्यवसायिक कार्य योजना (Business Action Plan) चार प्रति पेश गर्नुपर्नेछ ।

(घ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति पेश गर्नु पर्ने छ ।

(३) दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्दछ

(क) प्रचलित कानून बमोजिम दरखास्त दिन अयोग्य नरहेको ।

(ख)कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(ग) सार्वजनिक निकायको ठेक्का पट्टा वा कुनै चल/अचल सम्पत्ति सम्बन्धी कारोबारमा आफ्नै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा उक्त संस्थासँग निजी स्वार्थ नभएको ।

(घ) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित बन्यजन्तु सम्बन्धी कसुरमा सजाय नपाएको।

(च) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त नगरेको ।

(छ) बहालवाला कर्मचारी भए दरखास्त पेश गर्न विभागीय स्वीकृति ।

(४) <u>कार्यकारी निर्देशकको लागि तोकिएको योग्यता</u>

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नाकोत्तरतहको शैक्षिक उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय वा अधिकृतस्तरमा कम्तिमा पाँच वर्ष अनुभव प्राप्त भएको ।

(ख) तीस वर्ष उमेर पुरा भएको ।विदेशी विश्ववालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण भएको हुनु पर्नेछ।

<u>नोटः</u> यस कार्यविधिको प्रयोजनको लागि "सम्वन्धित क्षेत्र" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय, निजी क्षेत्रका संगठित संस्थामा वा संयुक्त राष्ट्रसंघीय प्रणालीमा व्यापार, पारवहन, लजिस्टिक व्यवस्थापन, पूर्वाधार विकास मध्ये कुनै क्षेत्रमा अधिकृतस्तरमा कार्य गरेको भन्ने बुझिन्छ।

(५) <u>कार्यकारी निर्देशकको लागि तोकिएको काम, कर्तव्य र अधिकार</u>

कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार नेपाल इन्टरमोडल यातायात विकास समितिको गठन आदेश तथा सो अन्तर्गतका नियमावली र प्रचलित कानुन बमोजिम हुनेछ।

(६) <u>व्यवसायिक कार्ययोजना पेश गर्नु पर्ने</u>

उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने व्यवसायिक कार्ययोजना (Business Action Plan) कार्यकारी निर्देशकका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछः

(क) नेपाल इन्टरमोडल यातायात विकास समितिको बारेमा जानकारी उल्लेख भएको विवरण,

(ख) नेपाल इन्टरमोडल यातायात विकास समितिको वर्तमान अवस्थाको पहिचान र विश्लेषण,

(ग) सुधारका रणनीतिक क्षेत्रहरु (Major Areas of Strategic Reform) को विश्लेषण। (व्यवसाय विस्तार र क्षमता अभिवृद्धि (Business Expansions and Capacity Development); कर्मचारी व्यवस्थापन; अनुगमन तथा मूल्याङ्कन र व्यवसायिक कार्य योजना (Action Plan)

(७) <u>उम्मेदवारको मूल्याङ्कन सम्वन्धी अंकभार</u>

(१) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अंकभार र सोको बर्गीकरण तपशील बमोजिम हुनेछः

| | |
|---|---|
| (क) शैक्षिक योग्यता र कार्य अनुभव | - ३० अंक |
| (ख) व्यवसायिक कार्य योजना | - ३० अंक |
| (ग) प्रस्तुतीकरण | - २० अंक |
| (घ) अन्तर्वार्ता | - २० अङ्क |
| पूर्णाङ्क | १०० अङ्क |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

माथि दफा ७ को उपदफा (१)(क),(ख),(ग) र (घ) बापत दिईने अङ्क विभाजन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| **(क) उम्मेदवारको शैक्षिक योग्यता र कार्य अनुभव** | ३० |
| (१) शैक्षिक योग्यता (दफा ४ 'क' बमोजिमको न्यूनतम योग्यता बापत) | १५ |
| (२) सम्बन्धित क्षेत्रको कार्य अनुभव (५ वर्षसम्मका लागि १० अङ्क र सो भन्दा बढी प्रत्येक वर्षको १ अङ्कको दरले अधिकतम ५ वर्षका लागि ५ अङ्क समेत गरी कुल १५ अङ्क) | |
| **(ख) व्यवसायिक कार्य योजना** | ३० |
| (१) नेपाल ईन्टरमोडल यातायात विकास समिति सम्वन्धी जानकारी | ५ |
| (२) नेपाल ईन्टरमोडल यातायात विकास समितिको वर्तमान अवस्थाको विश्लेषण | १० |
| (३) संस्थाको रणनीतिक सुधारको कार्ययोजना | १५ |
| (ग) **प्रस्तुतीकरण** | २० |
| (१) प्रस्तुतीकरण सीप | १० |
| (२) अन्तर्क्रिया र समय व्यवस्थापन | १० |
| (घ) अन्तर्वार्ता | २० |
| (१) व्यक्तित्व/ तार्किक क्षमता | १० |
| (२) विषय वस्तुको ज्ञान | १० |

(८) <u>व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण</u>

(१) तयार पारिएको व्यवसायिक कार्य योजना तोकिएको मिति र समयमा छनौट सूची (Short List) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

(२) प्रस्तुतीकरण र अन्तरवार्ता सँगसँङ्गै हुनेछ र सोको लागि प्रत्येक उम्मेदवारलाई ४५ मिनेटको समय दिईनेछ ।

(९) <u>छनौट एवं सिफारिस प्रक्रिया</u>

(१) उम्मेदवारको छनौट एवं नियुक्तिका लागि सिफारिस गर्दा दफा ११ बमोजिमको छनौट तथा सिफारिस समितिले निम्म बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ :

(क) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यवसायिक कार्य योजनाको मूल्याङ्कनबाट प्राप्त अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्ये बढीमा पाँच जना उम्मेदवारलाई छनौट (Short List) गर्ने।

(ख) समितिले निर्धारण गरेको मिति, समय र स्थानमा छनौट भएका उम्मेदवारहरुको व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण गराउने तथा अन्तर्वार्ता लिने ।

(ग) उपदफा १ (क) बमोजिम छनौट भएका उम्मेदवारहरुमध्ये शैक्षिक योग्यता, कार्य अनुभव, व्यवसायिक कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको आधारमा बढीमा तीन जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि मन्त्रालय समक्ष वर्णानुक्रमानुसार सिफारिस गर्ने।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) व्यवसायिक कार्य योजनाको परीक्षण एवं मूल्याङ्कन तथा अन्तर्वाताको लागि समितिले सम्वन्धित क्षेत्रको विज्ञको सहयोग लिन सक्नेछ।

(१०) <u>व्यवसायिक कार्ययोजना (Business Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षण सम्वन्धी अन्य व्यवस्था</u>

(क) व्यवसायिक कार्य योजनाको परीक्षण तथा अन्तर्वार्ता लिने कार्य दफा ११ बमोजिमको छनौट तथा सिफारिस समितिले गर्नेछ ।

(ख) उपदफा (क) बमोजिम प्रत्येक चरणको मूल्याङ्कनमा मूल्याङ्कनकर्ताले दिने अङ्कको औषत अङ्क निर्धारण गरी अङ्क गणना गरिनेछ ।

(११) <u>छनौट तथा सिफारिस समिति</u>

(१) यस कार्यविधि बमोजिमको कार्य सम्पन्न गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति गठन गरिनेछ :

(क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको सहसचिव - संयोजक

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको सहसचिव - सदस्य

(ग) मन्त्रालयले तोकेको सम्वन्धित विषय विज्ञ - सदस्य

(२) समितिको सचिवालय सम्वन्धी कार्य मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाले गर्नेछ ।

(१२) <u>अन्य व्यवस्था</u>

मन्त्रालयले कुनै कारण देखाई वा नदेखाई जुनसुकै बखत उपरोक्त पदको विज्ञापन रद्द गर्न सक्नेछ ।

(१३) <u>सेवा सुविधा</u>

कार्यकारी निर्देशकको सेवा सुविधा प्रचलित ऐन, नियम र कानून बमोजिम हुने छ ।प्रचलित ऐन, नियम र कानूनले सेवा सुविधा नतोकिएको अवस्थामा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं